उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७०६।२५ गतेको बैठकको निर्णयानुसार स्वीकृत

# विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना, २०७७

**उमाकुण्ड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्रिती, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

# विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना, २०७७

## १. परिचयः

कोरोन भाइरस कोभिड-१९ को प्रकोपले विश्व नै सङक्रमित भएको अवस्थामा नेपाल पनि त्यसबाट अछुतो छैन । नेपालमा यस रोगको सङ्क्रमणका कारण लकडाउन सँगै विद्यालयहरु बन्द भएका छन् । यसले गर्दा बालबालिकाहरु विद्यालय गई अध्ययन गर्न पाएका छैनन् र सिकाइ प्रणाली अवरुद्ध रहेको छ । यसरी अवरुद्ध रहेको सिकाइ प्रणालीलाई सुचारु गर्न र बालबालिकाहरुलाई विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्ने उद्देश्यका साथ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ लाई आधार मानेर उमाकुण्ड गाउँपालिकाले गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको सिकाई सहजीकरणलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि यो कार्ययोजना तयार गरिएको छ ।

## २.उदेश्यः

क) विद्यालयको वर्गीकरण गरी शिक्षण सिकाई सहजीकरण क्रियाकलाप संचालन गर्ने ।

ख) विद्यार्थीहरुलाई सिकाईमा आवद्ध गराउने ।

ख) शैक्षिक सत्र खेर जान नदिई शैक्षिक क्षति न्यूनकरण गर्ने ।

ग) कोभिड १९ महामारी रोगबाट बच्न तथा बचाउन विद्यार्थी, अभिभावक तथा सामुदायलाई सचेतिकरण गर्ने ।

घ) सिकाई सहजीकरण पछि विद्यार्थीले हासिल गरेका सिकाई उपलब्धीको निरन्तर मूल्याङकन गर्ने ।

**३. विद्यालयको वर्गीकरणः** विद्यार्थीहरुको सिकाई सहजीकरण गर्न विद्यालयमा रहेको भौतिक पूर्वाधार र विद्यार्थी संख्याअनुसार यस गाउँपालिका भित्रका विद्यालयको वर्गीकारण निम्नानुसार गरिएको छ ।

| ० देखि २५ विद्यार्थी संख्या | २५ देखि ५० विद्यार्थी संख्या | ५० देखि १०० विद्यार्थी संख्या | १०० देखि १५० विद्यार्थी संख्या | १५० भन्दा माथि विद्यार्थी संख्या |
|---|---|---|---|---|
| श्री पवित्र नम्बुर आ.वि. | श्री बालज्योति आ.वि | श्री वाल्दिङ आ.वि. | श्री कालीकादेवी आ.वि. | श्री महालंगुर मा.वि. |
| श्री हिमालय आ.वि. | श्री जडिवुटी आ.वि. | श्री उमाकुण्ड आ.वि. | श्री ठिन्केपु आ.वि. | श्री सिद्धेश्वर मा.वि. |
| श्री उमातिर्थ आ.वि. | श्री काइराले आ.वि. | श्री जनकल्यण आ.वि. | | श्री जनता मा.वि. |
| श्री थोदुङ आ.वि. | श्री स्वर्तुम आ.वि. | श्री सिद्धार्थ बौद्ध आ.वि. | | श्री चण्डेश्वरी मा.वि. |
| श्री बौद्ध आ.वि. | श्री जनज्योति आ.वि. | श्री चण्डेश्वरी आ.वि. | | श्री सरस्वती मा.वि. |
| श्री थोङडोल सम्तेन आ.वि. | श्री सरस्वती आ.वि. | श्री कालीदेवी आ.वि. हुगाँ | | श्री कैलेश्वर मा.वि. |
| श्री हिमागंगा आ.वि. | श्री जनचछु आ.वि. | श्री मानेलहरे आ.वि. | | श्री कास्थेम मा.वि. |
| श्री ताहान्थली आ.वि. | श्री भगवती आ.वि. | श्री भुमेश्वर आ.वि. | | |
| श्री प्रगतिशिल आ.वि. | श्री ऐरवाती आ.वि. | | | |
| श्री मैदाने आ.वि. | श्री देवीश्वर आ.वि. | | | |
| श्री कालीदेवी आ.वि. | श्री सेतीदेवी आ.वि. | | | |
| श्री सिमालगैह्र आ.वि. | श्री जनजगृति आ.वि. | | | |
| श्री हिमागंगा आ.वि. सिसाखानी | श्री गुप्तेश्वर आ.वि. | | | |
| | श्री कैलशापति आ.वि. | | | |
| | श्री भिमेश्वरी आ.वि. | | | |

क) विद्यार्थी संख्या २५ जना सम्म भएको विद्यालयले विद्यालयमा नै र ५० जना सम्म विद्यार्थी भएको विद्यालयले दिनको २ सिफट् गरी स्वास्थ्य सुरक्षाका मापढण्ड अपनाएर र भौतिक दुरी कायम गरेर दैनिक रुपमा सिकाई सहजीकरण गर्न सक्नेछ ।

ख) विद्यार्थी संख्या ५० देखि १५० सम्मा विद्यार्थी भएको विद्यालयले आलोपालो गरेर वा दिनको २ सिफट् भन्दा वढी समयमा सिकाई सहजीकरण हुने गरी स्वास्थ्य सुरक्षाका मापढण्ड अपनाएर र भौतिक दुरी कायम गरेर सिकाई सहजीकरण गर्न सक्नेछ ।

ग) माध्यमिक विद्यालयको हकमा आलोपालो जोर विजोर हाजिर प्रणाली वा विहानी, दिवा र बेलुका ३।३ घण्टा सिकाइ सहजीकरण गर्ने वा अस्थायी सिकाई केन्द्र निर्माण गर्ने वा साप्तहिक परियोजना कार्य निर्माण गरी टोलटोलमा वितरण गरेर सिकाइ सहजीकरण गर्न सक्नेछ ।

**४. गाउँपालिकाको भूमिकाः** विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिकाको भूमिका देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाले निर्माण गरेको विद्यार्थी सिकाई सहजीकरण कार्ययोजनालाई विद्यालयले स्वास्थ्य सुरक्षाको मापदण्ड तथा भौतिक दुरी कायम गरी प्राभवकारी ढण्गबाट संचालन गर्न वडापालिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय र अभिभावकसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

ख) विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना अनुसार सिकाई सहजीकरण गर्दा विद्यालयलाई आवश्यक पर्ने स्वास्थ्य सुरक्षा मापढण्डका सामग्रीहरु मास्क, सेनीटाइजर, साबुन, थार्मलगन, ह्याण्डग्लोब आदिको व्यवस्थापनमा सहयोग गर्ने ।

ग) शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले विकास गरेका स्व-अध्ययन् सामग्रीलाई पुस्तक वा अभ्यास पुस्तिकाका रुपमा आवश्यकताअनुसार छपाइ गरी विद्यालयलाई वितरण गर्ने व्यवस्था मिलाउने ।

घ) सबै सिकाइ समूहमा रहेका विद्यार्थीहरूको सिकाइ सुनिश्चितताका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ मार्फत् शिक्षकलाई सिकाई सहजकर्ता र मूल्याङ्कनकर्ताको रुपमा परिचालन गर्न सहजीकरण गर्ने ।

ङ) सबै खाले विद्यार्थी सिकाइ समूह सापेक्ष सामग्री विकास, उत्पादन गर्दै बालबालिका समक्ष सिकाइ सुनिश्चित गर्न शिक्षकलाई सिर्जनात्मक कार्य गर्न अभिप्रेरित गर्ने, प्रोत्साहन गर्ने र आवश्यक वातावरण सिर्जना गर्ने ।

च) विद्यार्थी संख्या बढी भएको विद्यालयलाई आवश्यकताअनुसार अस्थायी सिकाई केन्द्र निर्माण गर्न सहजीकरण गर्ने ।

छ) अनलाइन र अफलाइन मोडमा सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्न शिक्षकहरूको क्षमता विकाससम्बन्धी छोटो अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।

ज) पाठ्यपुस्तक समायोजनका लागि तोकिएको ढाँचामा विषय विज्ञ शिक्षक समूह परिचालन गरी विद्यार्थी स्वायंले सिक्न सक्ने र शिक्षकको सहयोग आवश्यक हुने गरी पाठ्यवस्तु संयोजन गर्ने र सो विषयवस्तुको शिक्षण सिकाई विधि तथा मूल्याङ्कन प्रक्रिया निर्धारण गर्ने ।

झ) विद्यार्थी सिकाइ सहजीकरण कार्ययोजना बमोजिम सञ्चालन हुने सिकाइ सहजीकरण कार्यक्रमहरूको कार्यान्वयन अवस्था, बालबालिकाहरूको सिकाइ सुनिश्चितता, सिकाइ गुणस्तर, सामग्रीको उपलब्धता, अभिभावकको संलग्नता आदि पक्षको नियमित अनुगमन गर्ने ।

ञ) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको रेडियो र टेलिभिजनबाट प्रशारण हुने श्रव्य तथा श्रव्य दृश्य सामग्रीको समय तालिका र विद्युतिय सिकाइ सामग्रीलाई गाउँपालिकाको वेबसाइट ( www.umakundamun.gov.np) मा राख्ने ।

**५. वडाको भूमिका:** विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा वडाको भूमिका देहाय बमोजिम हुनेछ ।

क) विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना बमोजिम आफ्नो वडा भित्रको विद्यालयमा अध्ययनरत् बालबालिकाको सिकाई सुनिश्चिता गर्न विद्यालयलाई आवश्यक सहयोग तथा समन्वय गर्ने ।

ख) विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना बमोजिम सिकाइ सहजीकरण कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको नियमति अनुगमन गर्ने ।

ग) गाउँपालिकासँग समन्वय गरी आवश्यकताअनुसार आफ्नो वडामा विद्यार्थी संख्या वढी भएको विद्यालयमाहरुमा सिकाई सहजीकरण गर्न अस्थायी सिकाई केन्द स्थापन गर्न सहयोग गर्ने ।

घ) अभिभावकलाई बालबालिकाको सिकाइ सहजीकरणमा सहयोग पुऱ्याउन प्रोत्साहित गर्ने ।

ङ) वडा भित्र अन्य ठाउँबाट आवत जावत गर्ने व्यक्तिहरुको निगरानी गरी लागत राख्ने ।

च) वडा भित्रको क्वारेनटाइन रहेको विद्यालयलाई अन्यत्र व्यवस्थापन गरी विद्यालयको कक्षाकोठा र विद्यालय वरिपरिको क्षेत्रलाई निर्मलीकरण गर्ने ।

**६. वि.व्य.स, शि.अ.सं तथा विद्यालयको भूमिका:** विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा वि.व्य.स, शि.अ.सं तथा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

क) विद्यार्थी संख्या अनुसार विद्यालय नै सिकाइ केन्द्र हुने विद्यालयलाई पूर्ण रुपमा सरसफाई गर्ने तथा क्वारेनटाइन रहेको विद्यालयलाई वडा सँग समन्वय गरी अन्यत्र व्यवस्थापन गर्ने । साथै विद्यालय कक्षाकोठा तथा वरिपरि क्षेत्रको वातावरण निर्मलीकरण गरी सिकाइ सहजीकरण योग्य वातावरण निर्माण गर्ने ।

ख) विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको अभिलेख तयार गरी सो अभिलेख बमोजिम विद्यार्थीको नामनामेसी, आमा, बाबुको नाम, ठेगाना र सम्पर्क नम्बर विद्यालयले अभिलेखिकरण गरी अभिभावक र विद्यार्थीसँग नियमित सम्पर्क गर्ने । सो अभिलेख वडा र गाउँपालिकामा बुझाउने ।

ग) विद्यालयले सेवाक्षेत्रभित्र रहेका विद्यार्थी तथा अभिभावकलाई गाउँपालिकाले निर्माण गरेको सिकाई सहजीकरण कार्ययोजना बारे जानकारी गराउने ।

घ) विद्यार्थी तथा अभिभावकलाई कोभिड- १९ को परिचय, लक्षण र सुरक्षाका सचेतना उपाय सहितको सुझाव लेखि पत्राचार वा टेलिफोन मार्फत जानकारी गराउने ।

ङ) गाउँपालिकाले निर्माण गरेको सिकाई सहजीकरण कार्ययोजना बमोजिम विद्यालयले वार्षिक शैक्षणिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने र सो कार्ययोजनाको आधारमा शिक्षकलाई आफ्नो विषयको वार्षिक कार्ययोजना निर्माण गर्न लगाई कार्यान्वयन गर्ने ।

च) विद्यालयमा भएको भौतिक पूर्वाधार र विद्यार्थी संख्याको आधारमा गाउँपालिकाले वर्गीकरण गरेको विद्यालयले भौतिक दुरी र स्वास्थ्य सुरक्षाको मापदण्ड कायम गरेर विद्यार्थी सिकाई सहजीकरणलाई प्रभावकरी ढणगबाट संचालन गर्ने ।

छ) बढी विद्यार्थी संख्या भएको विद्यालयले स्रोत साधन र पहुँचको आधारमा विद्यार्थीको पहिचान गरी अस्थायी सिकाई केन्द्र निर्माण गरेर सिकाई सहजीकरण संचालन गर्ने ।

ज) सिकाई सहजीकरण कार्यक्रम संचालन गर्दा विद्यालयले साप्ताहिक, पाक्षिका वा मासिक समय तालिका तयार गरी विद्यार्थी तथा अभिभावकलाई जानकारी गर्ने ।

झ) कक्षा, विषय वा स्थानका आधारमा समूहकृत गरी विद्यार्थीको सिकाई सहजीकरणका लागि विद्यालयले समूहगत रुपमा शिक्षकलाई जिम्मेवारी तोक्ने ।

ञ) विद्यालयले सिकाई सहजीकरण कार्यक्रम संचालन गर्दा समस्या उपन्न भएमा वडा वा गाउँपालिका सँग समन्वय गर्ने ।

ट) विद्यार्थीले सिकाइ सहजीकरण प्रणालीको माध्यमबाट सिकेका सिकाईको पोर्टफोलियो बनाई सोको आधारमा निरन्तर मूल्याङ्कन गरी नतिजा तयार गर्ने ।

ठ) विद्यालयले आफ्नो सेवाक्षेत्र भित्रको विद्यार्थीहरुको सिकाइ सहजीकरण कार्यक्रममा सक्रिय सहभागिता र शिक्षकहरुको प्रभावकारी संलग्नता सुनिश्चित गर्ने ।

ड) विद्यालयले विद्यार्थी सिकाइ सहजीकरण गर्ने मूल जिम्मेवारी शिक्षकलाई तोक्ने ।

ढ) विद्यालयमा भर्ना गर्न बाँकी भएका बालबालिका वा अन्य विद्यालयबाट स्थानान्तरण भई आएका विद्यार्थीलाई विद्यालयमा भर्ना गरी विद्युतीय एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको फाइलमा प्रवृष्टि गर्ने ।

ण) विद्यालयले मासिक रुपमा सिकाइ सहजीकरण प्रतिवेदन शिक्षकले पेश गरेको पाक्षिक प्रतिवेदनको आधारमा तयार गरी वडा र गाउँपालिकामा पेश गर्ने ।

त) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरी रेडियो र टेलिभिजनबाट प्रशारण हुने समय तालिका विद्यार्थी तथा अभिभावकहरुलाई जानकारी गराउने ।

थ) विद्यार्थीहरुको स्वास्थ्य अवस्थाको नियमित जानकारी लिने र सामान्य रुघाखोकी वा ज्वारो आएका विद्यार्थीहरुलाई सिकाइ सहजीकरण क्रियाकलाप सहभागी नगराउने ।

द) प्र.अ.को अनुमति विना कसैलाई पनि विद्यालय क्षेत्रभित्र प्रवेश गर्न नदिने ।

**७. शिक्षकको भूमिका:** विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा शिक्षकको भूमिका देहाय बमोजिम हुनेछ ।

क) विद्यालयको वार्षिक शैक्षणिक योजनाको आधारमा आफ्नो विषयको कार्ययोजना तयार गरी सिकाइ सहजीकरण प्रभावकरी रुपमा कार्यान्वयन गर्ने ।

ख) विद्यार्थी सिकाइ सहजीकरण क्रियाकलापका लागि आवश्यक शैक्षिक सामग्री निर्माण गर्ने, अभ्यास पुस्तिका विकास गर्ने र अन्य थप शिक्षण सिकाइ सामग्री निर्माण गरी विद्यार्थीलाई वितरण गर्ने ।

ग) शिक्षकले उपयुक्त शिक्षण विधिहरु अवलम्बन गरी सिकाइ सहजीकरण कार्यक्रममा विद्यार्थीहरुको प्रभावकारी संलग्नता सुनिश्चित गर्ने ।

घ) सिकाइ सहजीकरणको क्रममा विद्यार्थीलाई दिइएका शिक्षण सिकाइ सामग्री, अभ्यास पुस्तिका, गृहकार्य, परियोजना कार्य विद्यार्थीले गरे नगरेको अभिलेख राखी कुनै कठिनाइ भएमा विद्यार्थीलाई आवश्वकता अनुसार सहजीकरण गर्ने ।

ङ) विद्यार्थीलाई सिकाइ सहजीकरणमा दिएका शिक्षण सिकाइ सामग्री, अभ्यास पुस्तिका, गृहकार्य, परियोजना कार्य पुरा गर्न लगाई निरन्तर मूल्याङ्कन गरी सोको आधारमा पृष्ठपोषण दिने ।

च) शिक्षकले सिकाइ सहजीकरणमा सम्पादन गरेका क्रियाकलापलाई समेटेर विद्यालयमा अनिवार्य रुपमा पाक्षिका प्रतिवेदन पेश गर्ने ।

छ) विद्यार्थीहरुको दैनिक रुपमा व्यक्तिगत सरसफाईमको निरिक्षण गरी अभिभावक र विद्यालयलाई जानकारी गराउने ।

छ) अभिभावकसँग निरन्तर सम्पर्कमा रही विद्यार्थीहरुको सिकाइ सहजीकरण गरी नियमित अनुगमन गर्ने ।

**८. अभिभावकको भूमिका:** विद्यार्थी सिकाई सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा अभिभावकको भूमिका देहाय बमोजिम हुनेछ ।

क) असामान्य स्वास्थ्य अवस्था देखिएका आफ्ना बालबालिकालाई सिकाइ सहजीकरण क्रियाकलापमा सहभागी हुन नपठाउने ।

ख) अभिभावकहरु विद्यालय आउदा अनिवार्य रुपमा प्र.अ.को अनुमति लिई स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर मात्र आउनु पर्ने ।

ग) आफ्ना बालबालिकाहरुको अध्ययनमा तथा सिकाइ सहजीकरणमा निरन्तर सहयोग गर्ने र सिकाइ सहजीकरण कार्यक्रममा बालबालिकाको संलग्न भए, नभएको बारे विद्यालयसँग निरन्तर सम्पर्कमा रही सूचना लिने र दिने ।

घ) आफ्नो टोल छिमेकमा शंकस्पद व्यक्तिहरुको आवत जावत गरेको भए सोको जानकारी तुरुन्त विद्यालय वा वडामा जानकारी गराउने ।

ङ) घरमा माथिल्लो कक्षामा पढ्ने दाजु वा दिदीबाट सिक्न र सिकाउन लगाउने ।

च) बालबालिकाको विकासका लागि उनीहरूसँगै बसी लेखपढ गर्ने समयतालिका र आचारसंहिता निर्माण गर्ने र सोको पालना गर्ने र गर्न लगाउने ।

**९. प्रारम्भिक बालविकास उमेर समूहको लागि सिकाइ सहजीकरण:**

क) विद्यालयले प्रारम्भिक बालविकास कक्षामा अध्ययन् गर्ने विद्यार्थीहरुको अभिलेखिकरण गरी सो विद्यार्थीको माथिल्लो कक्षामा पढने दाजु वा दिदी भए निजलाई सिकाइ सहजकर्ताको रुपमा छनौट गरी होम स्कुलिङ्गको अवधारण अनुसार सिकाइ सहजीकरण गर्ने । यदि माथिल्लो कक्षामा पढने दाजु वा दिदी नभए परिवारबाट एक जना अभिभावकलाई सिकाई सहजकर्ताको रुपमा छनौट गर्ने ।

ख) बाल विकास सहजकर्ताले सिकाइ सहजीकरण क्रियाकलापका लागि आवश्यक स्व-अध्ययन सामग्री निर्माण गरी बालबालिकाको हात हातमा पुऱ्याउने ।

ग) सहजकर्ताले निर्माण गरेको सिकाइ सामग्री, वडा, गाउँपालिका तथा अन्य संघ संस्थाले दिएको सामग्री बालबालिकाको घर घरमा पुऱ्याउने व्यवस्था विद्यालयले मिलाउने ।

घ) वडा र गाउँपालिकाले सिकाइ सामग्रीको व्यवस्थापनमा सहयोग गर्ने ।

**१०. विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा/मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणिकरण:** सिकाइ सहजीकरण क्रियाकलापपछि विद्यार्थीले हासिल गरेको सिकाइउपलब्धि लेखाजोखा गर्नु पर्दछ । यसका लागि देहायका विधिहरू अपाउन सकिन्छ :

(क) सम्बन्धित विषय शिक्षकले विद्यार्थीलाई पाठ्यक्रमका आधारमा विषयवस्तु अनुसार हरेक दिन सिकेका विषयहरूको विवरण तयार गर्न लगाउने । यसका लागि गृहकार्य दिने, परियोजना कार्य गराउने जस्ता कार्यहरूको कार्यसम्पादनलाई आधार मान्ने,

(ख) सिकाइ सहजीकरणमा नियमित उपस्थित भएको अवस्थालाई पनि आधार मान्ने,

(ग) पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्धारण गरिएका निरन्तर तथा आवधिक मूल्याङ्कन विधिहरूको उपयोग गर्ने । साथै विद्यार्थी संख्याको आधारमा समूह विभाजन गरी थप सिकाइ योजना बनाएर पूरक शिक्षण गतिविधि सञ्चालन गर्दै यसलाई पनि मूल्याङ्कनमा समावेश गर्ने,

**११.अनुगमन तथा समन्वय समिति:** विद्यार्थी सिकाइ सहजीकरण प्रणालीको माध्यमबाट सिकाइमा सहजीकरण कार्यक्रमको अनुगमन तथा समन्वय गर्न तपशिल बमोजिम गाउँपालिका र वडामा अनुगमन तथा समन्वय समिति रहनेछ ।

(क) गाउँपालिका अनुगमन तथा समन्वय समितिः यस समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछ ।

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष | संयोजक |
| २) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) सामाजिक विकास सदस्य | सदस्य |
| ५) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ६) इलाक प्रहरी प्रमुख | सदस्य |
| ७) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(ख) वडा अनुगमन तथा समन्वय समितिः यस समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछ ।

| | |
|---|---|
| १) वडा अध्यक्ष | संयोजक |
| २) वडा सदस्यहरु | सदस्य |
| ३) अगुवा मा.वि.का प्र.अ. | सदस्य |
| ४) वडा सचिव | सदस्य सचिव |

**१२. प्रोत्साहन सम्बन्धी व्यवस्थाः**

क) विद्यार्थी सिकाइ सहजीकरण कार्ययोजना बमोजिम सिकाइ सहजीकण कार्यमा उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय तथा शिक्षकलाई वडा र गाउँपालिकाले प्रोत्साहन गरिनेछ ।

ख) विद्यालय वा शिक्षकले अवलम्बन गरेको शिक्षण विधि र शिक्षण सिकाइ सहजीकरणमा उत्कृष्ट शिक्षण सामग्री विकास गरी प्रयोग गर्ने शिक्षकको चिनारीलाई गाउँपालिकाको वेबसाइट (www.umakundamun.gov.np) मा राखिनेछ ।

**१३. मापदण्डको पालन गर्नुपर्नेः**

विद्यार्थी सिकाइ सहजीकरण कार्ययोजना बमोजिम सिकाइ सहजीकरण गर्दा कोभिड- १९ को नियन्त्रण र रोकथामका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गाउँपालिका र वडाबाट निर्धारण गरेका स्वास्थ्य सुरक्षाको सबै मापदण्ड पालना गर्नुपर्नेछ ।